# अब्स्ट्रेटिक फिस्टुलाबारे जानकारी

योनीबाट निरन्तर रूपमा पिसाब वा दिसा वा दुबै चुहिने समस्यालाई अब्स्ट्रेटिक फिस्टुला भनिन्छ । लामो र कठिन प्रसव व्यथाको अवस्थामा, दक्ष प्रसुतीकर्मीबाट सही समयमा उपयुक्त सेवा नपाउनाले अब्स्ट्रेटिक फिस्टुला हुन जान्छ ।

नेपालमा अब्स्ट्रेटिक फिस्टुला अदृश्य अवस्थामा रहेको एउटा प्रजनन् स्वास्थ्य समस्या हो । स्वास्थ्य मन्त्रालय र यूएनएफपीएको प्रतिवेदन अनुसार नेपालमा हरेक वर्ष करिब २००-४०० महिला यसको चपेटामा पर्ने गरेका छन् । तर यो तथ्याङ्कले केवल सतही रूपमा मात्र समस्याको केही अवस्थालाई चित्रण गरेको देखिन्छ । वास्तवमा यो समस्याको रोकथाम र उपचारबारे ज्ञानको अभाव र लोकलाजको कारणले यो समस्या लुकेर रहेको छ ।

अब्स्ट्रेटिक फिस्टुला हुनबाट बच्न सकिन्छ । यो उपचारबाट निको हुन्छ । अब्स्ट्रेटिक फिस्टुला भएको थाहा भएमा चिकित्सक कहाँ जाऔं । अब्स्ट्रेटिक फिस्टुला हुनबाट बच्न दक्ष प्रसुतीकर्मीको सहयोगमा स्वास्थ्य संस्थामा नै प्रसुती गराऔं ।

## अब्स्ट्रेटिक फिस्टुला हुने कारणहरू :-

- लामो र कठीन प्रसव व्यथा लाग्नु
- दक्ष प्रसुतीकर्मीको सहयोग बिना घर मै प्रसुती गराउनु
- सानो उमेरमा बच्चा जन्माउनु

## अब्स्ट्रेटिक फिस्टुला रोकथामका उपायहरु :-

- सबै महिलाले सुत्केरी हुँदा दक्ष प्रसुतीकर्मीको सहयोगमा नै प्रसुती गराउने
- सानै उमेरमा बच्चा नजन्माउने
- बालविवाहलाई निरूत्साहित गर्ने
- किशोरी अवस्थादेखि नै यौन तथा प्रजनन् स्वास्थ्यबारे जानकारी गराउने
- गर्भवती महिलाले कम्तीमा ४ पटक गर्भ जाँच गराउने
- गर्भवती महिलाले पोषणयुक्त खाना खाने
- सुत्केरी व्यथा लाग्ने बित्तिकै प्रसुती गराउन नजिकको स्वास्थ्य संस्थामा जाने । दक्ष प्रसुतीकर्मीको सहयोगमा स्वास्थ्य संस्थामा नै प्रसुती गराउने
- जन्मान्तरका लागि परिवार नियोजनको साधनको प्रयोग गर्ने

## अब्स्ट्रेटिक फिस्टुलाको उपचार :-

- शल्यक्रियाद्वारा यसको उपचार गर्न सकिन्छ
- यस्तो समस्या देखिएमा तुरून्तै नजिकैको स्वास्थ्य संस्थामा गई स्वास्थ्यकर्मीसंग सल्लाह र सेवा लिने

**तल उल्लेखित स्वास्थ्य संस्थामा अब्टेट्रिक फिस्टुलाको शल्यक्रिया गरिन्छ :**

- पाटन अस्पताल, ललितपुर । फोन : ०१–५५२२२९५
- वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान । फोन : ०२५–५२५५५५
- काठमाडौं मोडेल अस्पताल, काठमाडौं । फोन : ०१–४२२२४५०

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष
(यूएनएफपीए)

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार स्वास्थ्य महाशाखा
र
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र